# कालिका गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय

धैबुङ, रसुवा

बागमती प्रदेश, नेपाल

प.सं. :- २०७९/०८०(सा.सु.तथा पञ्जीकरण इकाई)
च.नं. :-

मिति :- २०७९/०४/०२

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नाम नवीकरण गर्ने र नयाँ लाभग्राही सूचीकरण गर्ने सम्बन्धी कालिका गाउँ कार्यपालिकाको अत्यन्त जरुरी सूचना ।**

यस कालिका गाउँ कार्यपालिकाको कार्यालयबाट सामाजिक सुरक्षा भत्ता प्राप्त गरिरहनुभएका लाभग्राहीहरुको नाम मिति २०७९ भाद्र मसान्तभित्र अनिवार्य रुपमा नवीकरण गर्नुपर्ने कानूनी व्यवस्था भएको हुँदा तपसिल बमोजिम कागजातहरु संलग्न राखी आ-आफ्नो वडा कार्यालयमा लाभग्राही स्वयं उपस्थित भई आफ्नो परिचयपत्र नवीकरणको लागि आवेदन दिनुहुन यो सूचना जारी गरिएको छ । नाम नवीकरण र नयाँ लाभग्राही सूचीकरणको लागि स्वयं उपस्थित हुन नसक्ने बालबालिका वा अपाङ्गता भएका लाभग्राहीहरुको हकमा निजको बाबु, आमा, संरक्षक मार्फत समेत आवेदन गर्न सकिने व्यहोरा अनुरोध छ ।

साथै तोकिएको समयभित्र नाम नवीकरण तथा नयाँ लाभग्राही सूचीकरण हुन नसकी सामाजिक सुरक्षा भत्ता प्राप्तिमा कुनै कठिनाई उत्पन्न हुन गएमा लाभग्राही स्वयं जवाफदेही हुनुपर्ने व्यहोरा समेत सूचित गरिन्छ ।

**सामाजिक सुरक्षा नाम नवीकरण र नयाँ लाभग्राही सूचीकरणको आवेदनसाथ संलग्न हुनुपर्ने कागजातहरु ।**

- नागरिकता प्रमाणपत्रको प्रतिलिपि,
- लाभग्राहीको १ प्रति फोटो,
- बालबालिकाको हकमा जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि,
- सम्बन्धविच्छेद गरी अर्को विवाह नगरेकी महिलाको हकमा सम्बन्धविच्छेद दर्ताको प्रमाणपत्रको प्रतिलिपि र अर्को विवाह नगरेको भनी वडा कार्यालयबाट जारी सिफारिस,
- विधवा महिलाको हकमा पतिको मृत्यु दर्ताको प्रतिलिपि,
- न्यायिक पृथक्करण गरी बसेकी महिलाको हकमा न्यायिक पृथक्करण भएको प्रमाण,
- विवाह नगरेको महिलाको हकमा वडा कार्यालयको सिफारिस,
- अपाङ्ग भएको व्यक्तिको हकमा गाउँपालिकाबाट जारी भएको अपाङ्गता परिचयपत्रको प्रतिलिपि (साविकको महिला तथा बालबालिका कार्यालय वा साविक गाविसले बनाएको अपाङ्गता परिचयपत्र मान्य हुने छैन ।)
- साथै नयाँ लाभग्राही सूचीकरणको लागि नेपाल सरकारको आ.व. २०७९/०८० को बजेट बक्तव्यमा ६८( वि.सं. २०११ साल आषाढ मसान्तभित्र जन्म भएका) वर्ष उमेर पूरा भएकालाई जेष्ठ नागरिक समाजिक सुरक्षा भत्ता दिने उल्लेख भए बमोजिम कालिका गाउँपालिका भित्र स्थायी बसोबास गर्ने त्यस्ता लाभग्राही सूचीकरण गर्न र नागरिकता प्रमाण पत्रमा उल्लिखित जन्म मिति लगायतको विवरणमा कुनै अस्पष्टता भएमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयबाट अभिलेख झिकाई निवेदन दिनुहुन समेत सम्पूर्णमा यो सूचना प्रकाशित गरिएको छ ।

Sunuwar 2079/04/02

प्रमुख प्रशासकीय अधिकृत

"सुशासन र समृद्धिको अभियान : दिगो विकास र जनमुखी प्रशासन"

फोन नं. ०१०-५४२०९८, Website: www.kalikamunrasuwa.gov.np Email Address: kalikagaupalika@gmail.com